# कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्का सम्वत् २०७६ साल बैसाखदेखि असारसम्मका निर्णयहरुः

**सम्वत् २०७६ साल बैसाख १२ गते बिहिवार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव विपद् पिडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ लाई स्वीकृत गर्ने ।

२. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सवारी साधन खरिद गर्न स्वीकृत गर्ने ।

३. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव कर्णाली प्रदेश विशेष परियोजना अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा प्रदेश सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

५. कर्णाली प्रदेश सरकारले उच्च प्राथामिकतामा राखेका योजनाहरुलाई प्राथामिकताका साथ आ.व २०७६/०७७ को लागि संघीय सरकारबाट विनियोजित हुने राष्ट्रिय योजनामा समावेश गर्न राष्ट्रिय योजना आयोग सिँहदरबार काठमाण्डौमा पठाउने ।

६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा कृषि तथा पशुपंक्षीजन्य व्यबसाय प्रवर्द्धन विधेयक, २०७६ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृत गर्ने ।

७. सामाजिक विकास मन्त्रालयको प्रस्ताव प्रदेश स्वास्थ्य वीमा संयोजन समिति गठन गर्ने ।

८. सामाजिक विकास मन्त्रालयको प्रस्ताव आयुर्वेद औषधालय व्यवस्थापन समितिको अध्यक्ष मनोनयन गर्ने ।

९. सामाजिक विकास मन्त्रालयको प्रस्ताव राष्ट्रिय खेलाडीलाई उपचार खर्च सहयोग गर्ने ।

**सम्वत् २०७६ साल बैसाख २४ गते मंगलवार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव आम सञ्चार तथा सूचना प्रविधि सम्बन्धी विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृत गर्ने ।

२. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव द्वन्द्व पिडित राहत वितरण कार्यविधि, २०७६ स्वीकृति गर्ने ।

३. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव कर्णाली प्रदेशका सबै जिल्लामा शान्ति सुरक्षा कार्यक्रम संचालन गर्न प्रदेश प्रहरी कार्यालयसँग सम्झौता गर्ने।

४. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ संशोधन गर्ने ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृत गर्ने ।
६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश पर्यटन बोर्ड (गठन) आदेश, २०७६ स्वीकृत गर्ने ।
७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा रसायन तथा रसायनिक विषादी नियन्त्रण विधेयक, २०७६ तर्जुमाको गर्ने ।
८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा पशु बधशाला तथा मासु जाँच विधेयक, २०७६ तर्जुमाको लागि सैद्धान्तिक स्वीकृत गर्ने।
९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा माटो तथा मल व्यवस्थापन विधेयक, २०७६ तर्जुमाको लागि सैद्धान्तिक स्वीकृती गर्ने ।
१०. प्रदेश सभाको चौथो अधिवेशन आह्वान गर्ने ।
११. डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिकाको केन्द्र परिवर्तन गर्ने ।

**२०७६ साल बैसाख २८ गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा द्वन्द्व पिडित राहत वितरण कार्यविधि, २०७६ स्वीकृत गर्ने।
२. प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ संशोधन गर्ने।
३. कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यबस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति गर्ने।
४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश पर्यटन बोर्ड (गठन) आदेश, २०७६ स्वीकृत गर्ने।

**सम्वत् २०७६ साल जेठ ०८ गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा रिक्त कर्मचारी दरबन्दी पदपूर्तिको लागि अनुरोध गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।
२. सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिकाको प्रशासनिक केन्द्र सार्ने।
३. मुगु जिल्लाको खत्याड गाउँपालिकाको प्रशासनिक केन्द्र तोक्ने।

**सम्वत् २०७६ साल जेठ १० गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको अवधारणा पत्र स्वीकृत गर्ने।

**सम्वत् २०७६ साल असार ०१ गते आईतबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश आर्थिक विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश ऋृण उठाउने विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।
आर्थिक वर्ष २०७६/०७७ को आय व्ययको अनुमानित विवरण (बजेट) प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।*